
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिकै)
०६१-५७०८९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २४ गते आइतबार ❑ 9 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## समाजवादी मोर्चाले सातै प्रदेशमा कार्यक्रम गर्ने

रासस
काठमाडौं, २३ असार

समाजवादी मोर्चा नेपालले सातवटै प्रदेशका राजधानीमा कार्यक्रम गर्ने भएको छ ।

आलोकनगरस्थित नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालयमा शनिबार बसेको मोर्चाको पहिलो बैठकले मोर्चाको सन्देश आम जनतामाझ पुर्याउन यही साउन महिनाभित्रै प्रदेश राजधानीमा कार्यक्रम गर्ने निर्णय गरेको हो ।



एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार बैठकमा लोकतान्त्रिक समाजवादी आन्दोलनलाई अघि बढाउनेबारे विशेष छलफल भएको र सातै प्रदेशमा केही दिनभित्रै आमसभा गर्ने निर्णय भएको छ । "साउन महिनाभित्र सातै प्रदेशमा आमसभा गर्ने र सोको मिति यही २७ गते अर्को बैठकले कुन प्रदेशमा कस्ता कार्यक्रम गर्ने भन्ने घोषणा गर्नेछ", उहाँले भन्नुभयो । बैठकमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष नेत्रविक्रम चन्द 'विप्लव'लगायत चारै पार्टीका दोस्रो तहका नेताहरू सहभागी हुनुहुन्थ्यो ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालको अध्यक्षतामा बसेको बैठकले सातै प्रदेशमा गरिने आमसभाको मिति र आचारसंहिता बनाउन चार सदस्यीय कार्यदल गठन गरेको छ । उक्त कार्यदलले सात प्रदेशमा गरिने कार्यक्रमको मिति र आचारसंहिता तयार गर्ने उपाध्यक्ष पाण्डेले जानकारी दिनुभयो ।

चार सदस्यीय कार्यदलमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, जनता समाजवादी पार्टी (जसपा)का नेता राजेन्द्र श्रेष्ठ र नेकपाका खड्गबहादुर विश्वकर्मा रहनुभएको छ । कार्यदलले समाजवादी मोर्चाको भावी रणनीति तयार गर्ने जनाइएको छ । मोर्चालाई कसरी बलियो बनाएर लैजाने, नेपाली समाजको विशेषताअनुसारको समाजवाद कस्तो बनाउने भन्ने नीतिगत दस्तावेज तयार गर्ने जिम्मेवारी दिइएको एकीकृत समाजवादीका उपाध्यक्ष पाण्डेले जानकारी दिनुभयो ।

मोर्चाको नेतृत्व छ-छ महिनामा नेताहरूले आलोपालो गर्ने समझदारी बनेको र सो विषय आगामी बैठकले टुङ्गो लगाउने एकीकृत समाजवादीका उपाध्यक्ष पाण्डेले जानकारी दिनुभयो । शनिबारको बैठक सौहार्दपूर्ण ढङ्गले सम्पन्न भएको र भावी रणनीतिबारे आगामी बैठकमार्फत बाहिर ल्याइने उहाँको भनाइ छ ।

मोर्चा गठन भएको २३ दिनपछि पहिलो बैठक बसेको हो । "मोर्चा गठन भएको लामो समयपछि बैठक बस्यो, प्रथम बैठक अलि ढिला भयो भन्ने हामी सबैले समीक्षा गर्यौं । शनिबारको बैठकमा लोकतान्त्रिक समाजवादी आन्दोलनलाई अघि बढाउनेबारे विशेष छलफल गर्यौं", उपाध्यक्ष पाण्डेले भन्नुभयो ।

## एसइईको पूरक परीक्षा साउन २६ र २७ गते हुने

रासस
काठमाडौं, २३ असार

माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा आगामी साउनमा हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले एक सूचना प्रकाशित गरी पूरक परीक्षा साउन २६ र २७ गते हुने जनाएको छ ।

अन्तिम ग्रेड 'सी' वा 'सी'भन्दा कम प्राप्त गरेका विद्यार्थीले पूरक परीक्षा दिन पाउने छन् । बढीमा दुई विषयसम्म अनुपस्थित रहेका परीक्षार्थीले पनि पूरक परीक्षा दिन पाउने बोर्डले जनाएको छ । ग्रेडवृद्धिका लागि साउन ११ गतेभित्र फारम भरेर विद्यालयबाट शिक्षा विकास तथा समन्वय एकाइमा पेस गर्नुपर्ने उक्त सूचनामार्फत जनाइएको छ । परीक्षा रद्द भएका परीक्षार्थीले पूरक परीक्षा दिन पाउने छैनन् । एक विषयको मात्र पूरक परीक्षा दिनुपर्ने विद्यार्थीले पहिलो दिन परीक्षा दिनुपर्नेछ ।

गत चैत १७ गतेदेखि सञ्चालन गरिएको एसइईको नतिजा यही असार २१ गते सार्वजनिक गरिएको थियो । त्यसमा २२ हजार चार सय ७५ विद्यार्थीले 'ए प्लस' ग्रेड ल्याएका थिए ।

## जनताका मुद्दालाई केन्द्रमा राखेर काम गर्छौं : सभापति लामिछाने

रासस
काठमाडौं, २३ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जनताका मुद्दालाई केन्द्रबिन्दुमा राखेर आफ्नो पार्टीले काम गर्ने बताउनुभएको छ ।

सो पार्टीको शनिबार आयोजित तारकेश्वर नगरपालिका भेलामा उहाँले जनताले सोधेका सबै प्रश्नको जवाफ दिन आफूहरू सधैं तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली जनताको मुद्दामा हामी स्पष्ट छौं, जनताको आदेशअनुसार काम गर्छौं ।" विसं २०८४ मा हुने निर्वाचनमा आफ्नो पार्टीले एक्लै चुनाव लड्ने उल्लेख गर्दै सभापति लामिछानेले निर्वाचनमा जित हासिल गर्न अहिलेदेखि नै लागिएको बताउनुभयो । "आगामी निर्वाचन हाम्रो पार्टीको अर्जुनदृष्टिमा रहेको छ", उहाँले भन्नुभयो, "अहिले हामी संसद्मा दह्रो र खरो भएर उभिएका छौं ।"

राष्ट्रिय स्वतन्त्र पार्टी कसैको पछि नलाग्ने उल्लेख गर्दै उहाँले आफ्नो पार्टीले सहीलाई सही र गलतलाई गलत भन्ने दाबी गर्नुभयो । "रास्वपा दह्रो खुट्टा बनाएर अघि बढेको छ, भष्टचारको अन्त्य गर्न खबरदारी गरिरहेका छौं", पूर्वगृहमन्त्रीसमेत रहनुभएका लामिछानेले भन्नुभयो । केन्द्रीय सदस्य तथा सांसद गणेश पराजुलीले रास्वपालाई जनताले दिएको विश्वासलाई पूरा गर्न लागि रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । पूर्वमन्त्री शिशिर खनालले आगामी निर्वाचनमा आफ्नो पार्टीलाई जनताले विजयी गराउने विश्वास व्यक्त गर्नुभयो ।

## मेरै पुस्ताको व्यक्ति प्रधानमन्त्री बन्नुपर्छ : गगन थापा

रासस
काठमाडौं, २३ असार

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आफू वा आफ्नै पुस्ताको व्यक्ति प्रधानमन्त्री बन्नु देशको वर्तमान आवश्यकता भएको बताउनुभएको छ ।

नेपाली कांग्रेस बुढानिलकण्ठ नगरपालिकाको नगर सम्मेलनमा आज उहाँले भन्नुभयो, "म फेरि संसदीय दलको नेता बदल्ने कुरामा लाग्छु, सके म प्रधानमन्त्री बन्छु नसके मेरो पुस्ताको कसैलाई प्रधानमन्त्री बनाउँछु ।"

उहाँले कांग्रेसलाई बदल्नका लागि आफू लागेको स्पष्ट पार्नुभयो । "हामी कांग्रेसमा छौं, कांग्रेसलाई बदल्नका लागि लाग्नुपर्छ, कांग्रेस बदल्नका लागि मैले संसदीय दलको नेतामा उम्मेदवारी दिएको हुँ", उहाँले भन्नुभयो । कांग्रेस नेता प्रदीप पौडेलले अहिलेकै अवस्था रहने हो भने आगामी निर्वाचन कांग्रेसले जित्न नसक्ने दाबी गर्नुभयो । उहाँले सरकारमा रहेका मन्त्रीहरूले जनताका पक्षमा काम गर्न आग्रहसमेत गर्नुभयो । उहाँले सामाजिक सञ्जालमा रिस उद्दैमा पार्टीका लागि र पार्टीका नेताका बारेमा नराम्रो नलेख्न आग्रह गर्नुभयो ।

नेता पौडेलले टोल, वडा सम्मेलन गरेर पार्टीलाई बलियो बनाउन सुझाव सङ्कलन गर्नुपर्नेमा जोड दिनुभयो ।

## क्रिकेट खेलाडीले १६ महिनापछि पाए सरकारले घोषणा गरेको पुरस्कार

पोखरापत्र संवाददाता
कास्की, २३ असार

कैलालीको धनगढीमा विसं २०७८ चैतमा आयोजना भएको १९ वर्षमुनिको महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको विजेता खेलाडीले सरकारले घोषणा गरेको पुरस्कार पाएका छन् । नेपाल क्रिकेट सङ्घले आयोजना गरेको प्रतियोगिताको च्याम्पियन बनेको गण्डकी प्रदेशको टोलीलाई गण्डकी प्रदेश सरकारले त्यति बेला घोषणा गरेको जनही रु ५० हजार पुरस्कार खेलाडीले १६ महिनापछि शुक्रबार प्राप्त गरेका हुन् ।

प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजनामा पोखरा रङ्गशालामा आयोजित एक खेलाडीलाई सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिंखडा, मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी खेलाडी सम्मान गर्नुभएको हो । च्याम्पियन टोलीका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापक गरी १७ जनाले जनही नगद रु ५० हजारका दरले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## राजनीतिक अस्थिरता चाहनेले प्रधानमन्त्रीको राजीनामा मागे : महासचिव भुसाल

रासस
काठमाडौं, २३ असार

नेकपा (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुसालले देशमा राजनीतिक अस्थिरता निम्त्याउन चाहने दलहरूले प्रधानमन्त्रीको राजीनामा मागेको बताउनुभएको छ ।

समाजवादी पेशागत कानुन व्यवसायी सङ्गठनले शनिबारआयोजना गरेको बागमती प्रदेश भेलामा महासचिव भुसालले विगतमा प्रधानमन्त्रीको राजीनामा मागेर संसद् अवरुद्ध गर्नु गैरसंसदीय भएको भन्दै त्यो माग मृगतृष्णा जस्तै भएको बताउनुभयो ।

कम्युनिष्ट आन्दोलनलाई बलियो बनाउन समाजवादी मोर्चा निर्माण गरिएको भन्दै उहाँले मुलुकमा समाजवादी अर्थ व्यवस्थाका माध्यमबाट विकास र जनताको समृद्धिका लागि वामपन्थी शक्ति एकीकृत हुनुपर्ने बताउनुभयो ।महासचिव भुसालले पार्टीको सङ्गठन सुदृढीकरण विशेष अभियान देशभर सञ्चालन भइरहेको बताउँदै राष्ट्रिय राजनीतिमा आफ्नो पार्टीले निर्वाह गरेको भूमिकाका कारण सङ्गठनलाई थप सशक्त र गतिशील बनाउनुपर्नेमा जोड दिनुभयो । मुलुकको विकास र आर्थिक समृद्धिका लागि उत्पादनमा जोड दिँदै उहाँले सबै वर्गको अधिकार तथा हितको सम्वर्द्धन गर्नुपर्ने बताउनुभयो ।

उहाँले देशमा भएका सबै राजनीतिक परिवर्तनका आन्दोलनमा पार्टीका सबै जनवर्गीय सङ्गठनको उल्लेखनीय सहभागिता रहेको बताउनुभयो ।

## पोखरामा ट्रेकिङ गाइड तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, २३ असार

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशको आयोजना एवं नेपाल एकेडेमी अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट (नाथम)को प्राविधिक सहकार्यमा पाँचहप्ते ट्रेकिङ गाइड तालिम पोखरामा सुरु भएको छ ।

पदयात्रा पर्यटनलाई व्यवस्थित एवं प्रभावकारी बनाउने उद्देश्यका तालिम सुरु गरिएको हो । आवश्यक मापदण्ड पूरा गरी अन्तर्वार्तामार्फत छनोट भएका तीन सय प्रशिक्षार्थी तालिममा सहभागी छन् । लेकसाइडस्थित तालवाराही माविमा विभिन्न छवटा सेक्सनमा विभाजन गरी तालिम दिइने संयोजक गोपालकृष्ण सन्नौलाले जानकारी दिनुभयो । विगत ३० वर्षयता विभिन्न समयमा गरी करिब एक हजार नौ सयलाई तालिम प्रदान गरिसकेको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताउनुभयो । देशको राजनीतिक उतारचढाव, प्राकृतिक प्रकोपसँगै कोरोना महामारीलगायतका कारण पर्यटन क्षेत्रका मजदुर पलायन हुँदै गएका अवस्थामा हुन तालिम महत्वपूर्ण हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

तालिमले दक्ष जनशक्ति उत्पादन मात्र नभई व्यवसाय गर्न इच्छुकका लागि पनि यो पहिलो खुड्किलो भएको उहाँले बताउनुभयो । नाथमका प्राचार्य रामकैलाश विच्छाले टानसँगको सहकार्यमा सुरु गरिएको तालिम महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्दै सहभागीलाई अधिकतम ज्ञान, सीप हासिल गर्न आग्रह गर्नुभयो । तालिममा सहभागीलाई नाथमका निर्देशक तथा तालिम संयोजक रतन साउदले अभिमुखीकरण गराउनुभएको थियो ।

पोखरा आसपासका क्षेत्रमा विश्वकै १० उत्कृष्टमध्येको अन्नपूर्ण चक्रीय पदमार्ग, अन्नपूर्ण आधार शिविर पदमार्ग, मर्दी हिमाल पदमार्ग, धवलागिरि चक्रीय पदमार्ग, सहस्राब्दी (मिलेनियम) पदमार्ग, पुनहिललगायतमा पछिल्लो समयमा पदयात्रा पर्यटनतर्फ आकर्षण बढिरहेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चारपाङ्ग्रेको 'लाइसेन्स' परीक्षा बागलुङबाट

**रासस**
गण्डकी, २३ असार

एघार वर्षपछि पुनः बागलुङमा चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालनमा आउने भएको छ । नयाँ मापदण्ड अनुसारको संरचना नहुँदा विसं २०६९ देखि चारपाङ्ग्रेको प्रयोगात्मक (ट्रायल) परीक्षा बागलुङमा हुन सकेको थिएन ।

यातायात व्यवस्था कार्यालयका प्रमुख पारसिँह थापाले आगामी साउनभित्रै चारपाङ्ग्रे सवारी साधनको 'लाइसेन्स' परीक्षा सुरु हुने जानकारी दिनुभयो । "ट्रायल परीक्षाका लागि मापदण्ड पुगेको पूर्वाधार र सवारी साधन भाडामा लिन १५ दिने बोलपत्र सूचना निस्किसकेको छ", उहाँले भन्नुभयो, "बोलपत्रको मूल्याङ्कनसहित आवश्यक प्रक्रिया पुऱ्याएर पुरीक्षा सुरु गर्छौं ।" कार्यालयको आफ्नै जग्गा नभएका कारण प्रयोगात्मक 'ट्रायल' परीक्षाका लागि ड्राइभिङ इन्सिच्युटले बनाएको संरचना भाडामा लिनुपर्ने अवस्था छ । दुईपाङ्ग्रेको 'ट्रायल' परीक्षा पनि बागलुङ नगरपालिका-१ रामरेखामा भाडाकै जग्गामा सञ्चालन हुँदै आएको छ । "कार्यालयको आफ्नै जग्गा र पूर्वाधार नभएपछि निजी क्षेत्रसँग मिलेर लाइसेन्स परीक्षालाई व्यवस्थित गर्न लागिएको हो", प्रमुख थापाले भन्नुभयो, "लामो समयसम्म चारपाङ्ग्रेको ट्रायल रोकिँदा बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङका सेवाग्राही लाइसेन्सका लागि बाहिर जानुपर्ने बाध्यता अब हट्छ ।"

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले बागलुङबाट चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन हुँदा सिङ्गौ धवलागिरि क्षेत्र लाभान्वित हुने बताउनुभयो । "लाइसेन्स परीक्षाको नयाँ मापदण्ड लागू भएपछि बागलुङमा ठाउँ अभावका कारणले चारपाङ्ग्रेको ट्रायल हुन सकिरहेको थिएन, अब त्यो छिट्टै सुरु हुन्छ, मन्त्रालयले पनि यसमा विशेष चासो र पहल लिइरहेको छ", उहाँले भन्नुभयो, "बागलुङमा परीक्षा सञ्चालन नहुँदा कास्की लगायतका कार्यालयमा देखिएको चाप पनि घट्छ ।" गण्डकी प्रदेशमा कास्की, बागलुङ, तनहुँ र नवलपुर गरी चार ठाउँबाट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालन हुँदै आएको छ । दैनिक सयौं जनाले लाइसेन्सका लागि लिखित र प्रयोगात्मक परीक्षा दिन्छन् ।

सवारी चालक अनुमति पत्र सेवालाई सहज र छरितो बनाउन अनलाइन भुक्तानी सेवा पहिलोपटक बिहीबारदेखि गण्डकी प्रदेशबाटै सुरु भएको छ । तत्काललाई कास्कीबाट सुरु भएको उक्त सेवा छिट्टै बागलुङ, तनहुँ र नवलपुर कार्यालयबाट पनि सुरु हुने मन्त्रालयका प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।



चलचित्र पत्रकार संघ कास्कीको २०औं स्थापना दिवसका अवसरमा शनिबार आयोजित ड्यामसाईड, रानीवन हुँदै पुम्दीकोटस्थित शिवधामसम्मको पैदलयात्राका सहभागिता पत्रकारहरु । तस्बिर हरिप्रसाद बास्तोला

# मानव-वन्यजन्तु द्वन्द्व : पाँच वर्षमा दुई सय जनाको मृत्यु, ६० करोड बढी राहत क्षतिपूर्ति

**रासस**
काठमाडौं, २३ असार

पछिल्लो समय वन वातावरण संरक्षणका क्षेत्रमा मुलुकले प्राप्त गरेको उपलब्धि कारण अन्तर ाष्ट्रिय मञ्चमा नेपालको प्रशंसा हुने गरेको छ । तर यससँगै बढेको मानव-वन्यजन्तु द्वन्द्व र त्यसबाट बर्सेनि दजनौं व्यक्तिको मृत्यु तथा सरकारले व्यहोर्नुपर्ने करोडौं रकमको क्षतिपूर्तिले भने विभिन्न प्रश्न उठ्ने गरेका छन् ।

खासगरी संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं सङ्कुचनले गर्दा वन्यजन्तु आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेका छन् । यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरि बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ ।

हात्ती, बाघ, गैँडा, चितुवा, भालु, जङ्गली कुकुरलगायतका वन्यजन्तुको आक्रमणबाट पछिल्लो पाँच वर्षमा एक सय ९७ मानिसको मृत्यु भएको तथ्याङ्क छ । यस अवधिमा वन्यजन्तुबाट भएको क्षतिका लागि सरकारले रु ६० करोड १२ लाख ७४ हजार पाँच सय १४ रकम क्षतिपूर्ति व्यहोरेको छ । साथै वन्यजन्तुले मानिसलाई घाइते बनाउने, बालीनाली, घर, गोठको क्षतिलगायत घट्ना बढ्दै गएका छन् । मुलुकभरका राष्ट्रिय निकुञ्जलगायत संरक्षित क्षेत्र आसपासमा हात्ती, बाघ, भालु, गैँडा, चितुवा, हिउँ चितुवा, ब्वाँसो, जङ्गली बँदेल, अर्ना, मगर गोही, गौरी गाईलगायत वन्यजन्तुसँग मानव द्वन्द्व बढेको देखिन्छ । आर्थिक वर्ष २०७९/८० जेठसम्म वन्यजन्तुबाट ३६ जनाको मृत्यु भएको छ भने वन्यजन्तुबाट भएको क्षतिका लागि रु १० करोड ८७ लाख १८ हजार चार सय २९ रकम राहत वितरण गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ । यस अवधिमा सबैभन्दा बढी हात्तीबाट १४, बाघबाट १२, गैँडाबाट चार, चितुवाबाट तीन, जङ्गली बँदेलबाट दुई र भालुबाट एक ३६ जनाको मृत्यु भएको छ । वन्यजन्तुबाट सामान्य घाइते ४६ जना, सख्त घाइते ९७ जना, पशुधनको क्षति तीन हजार ९१२, भण्डारण गरेको अन्नको क्षति दुई सय ५६, घरगोठको क्षति तीन सय ८५ र अन्नबालीको क्षति तीन हजार ७४ घटना भएको विभागको तथ्याङ्क छ । यसैगरी आव २०७८/०७९ मा मुलुकभर वन्यजन्तुबाट मृत्यु हुने मानिसको सङ्ख्या ५८, सामान्य घाइते सङ्ख्या ७२ र सख्त घाइते हुनेको सङ्ख्या ११६ रहेको छ भने वन्यजन्तुबाट भएको क्षतिको कूल १२ हजार ६७२ वटा घट्ना दर्ता भएका छन् । यस अवधिमा सबैभन्दा बढी हात्तीबाट २३ जनाको मृत्यु भएको छ । त्यसपछि बाघबाट २१, गैँडाबाट पाँच, चितुवा र जङ्गली बँदेलबाट तीन/तीन र गौरी गाईबाट एक जनाको मृत्यु भएको थियो । साथै वन्यजन्तुबाट भएको क्षतिबापत कूल रु १५ करोड ५८ लाख दुई हजार चार सय ६८ बराबरको राहत रकम वितरण गरिएको छ । मानव वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५) बमोजिम राहत उपलब्ध गराउने व्यवस्था छ । विभागका निमित्त महानिर्देशक अजय कार्कीले मानव वन्यजन्तु द्वन्द्व बढ्दै गएको र यसबाट मृत्यु हुनेको सङ्ख्या तथा राहत क्षतिपूर्ति पनि बढ्को बताउनुभयो । वन तथा वातावरण मन्त्रालयले पछिल्लो समय क्षतिपूर्ति दिनुपर्ने वन्यजन्तुको सूचीमा नीलगाई र बाँदर पनि थप गरेको बताउँदै उहाँले यसले क्षतिपूर्ति रकममा ठूलो मात्रामा वृद्धि हुने उल्लेख गर्नुभयो । मन्त्रालयको उक्त प्रस्ताव मन्त्रिपरिषद्बाट पारित हुने अन्तिम चरणमा छ । यसका साथै मन्त्रालयले वन्यजन्तुको आक्रमणबाट अपाङ्ग भएका व्यक्तिलाई, अस्पतालबाट डिस्चार्ज भएको ३५ दिनभित्र मृत्यु व्यक्तिलाई दिनुपर्ने क्षतिपूर्ति थप गरेकाले र गाई भैँसीको मृत्युमा दिने रकम दोब्बर गरेका कारण पनि राहत रकम बढने देखिन्छ । विभागले उपलब्ध स्रोत साधन र बजेटमा आधारित भएर रोकथाका काम गरिरहेको निमित्त महानिर्देशक कार्कीले बताउनुभयो । वन्यजन्तुलाई आफ्नो वासस्थानमा नै बस्न सक्ने गरी र जङ्गलमा आश्रित मानव समुदायलाई जीवनयापनको विकल्प दिने गरी विभिन्न कार्यक्रम गरिरहेको उहाँ बताउनुभयो । मुख्यरुपमा मानवले नै आनिबानी परिवर्तन गर्नुपर्ने उहाँको भनाइ छ । आव २०७७/०७८ मा नेपालभर वन्यजन्तुबाट मृत्यु हुने मानिसको सङ्ख्या ४०, सामान्य घाइते सङ्ख्या ९८ र सख्त घाइते हुनेको सङ्ख्या ६७ छ भने वन्यजन्तुबाट भएको क्षतिका कूल आठ हजार चार सय ५५ वटा घटना दर्ता भएको छ । यस अवधिमा सबैभन्दा बढी हात्ती र बाघबाट १३/१३ जना, त्यसपछि गैँडाबाट छ जना, भालु र चितुवाबाट तीन/तीन, जङ्गली बँदेल र गौरी गाईबाट एक/एक जनाको मृत्यु भएको तथ्याङ्क छ । यस अवधिमा राहतबापत रु १४ करोड नौ लाख ९३ हजार पाँच सय ५६ रकम वितरण गरिएको छ । त्यस्तै मुलुकभर आव २०७६/०७७ मा वन्यजन्तुबाट मृत्यु हुने मानिसको सङ्ख्या ३३, सामान्य घाइते सङ्ख्या ६७ र सख्त घाइते हुनेको सङ्ख्या एक सय १० जना रहेको छ । यस अवधिमा सबैभन्दा बढी १३ जना हात्तीबाट, त्यसपछि बाघ र चितुवाबाट आठ/आठ र गैँडाबाट चार जनाको मृत्यु भएको थियो । वन्यजन्तुबाट भएको क्षतिका लागि राहतबापत रु १० करोड ६६ लाख ७५ हजार नौ सय ७१ रकम वितरण गरिएको छ । आव २०७५/७६ मा वन्यजन्तुबाट ३० जनाको मृत्यु भएको र १३७ जना घाइते भएको तथ्याङ्क छ । यस अवधिमा सबैभन्दा बढी हात्तीबाट १५ जना, चितुवाबाट छ जना, बाघबाट चार जना, गैँडाबाट दुई जना तथा जङ्गली कुकुर, जङ्गली बँदेल र मगर गोहीबाट एक/एक जनाको मृत्यु भएको थियो । साथै वन्यजन्तुबाट भएको क्षतिका लागि रु आठ करोड ९० लाख ८४ हजार ९० राहत वितरण गरिएको थियो ।

# क्रिकेट...

पुरस्कार रकम प्राप्त गर्नुभयो ।

गण्डकीको च्याम्पियन टोलीमा अञ्जली विश्वकर्मा, सिमाना केसी, ज्योत्स्नीका मरासिनी, सोनिया थापा, आकृति तिवारी, कुसुम गोदार र अरबिना अधिकारी रहनुभएको थियो ।

यसैगरी अन्य खेलाडीमा निरु जिटी, सेरिना थापा मगर, मनिषा उपाध्याय, सिर्जना पौडेल, जेनिशा खत्री, आङ पेमु ल्याम्बु शेर्पा र प्रिती पराजुली तथा टोलीका प्रशिक्षक रिजन प्रजु, सहायक प्रशिक्षक गोविन प्रधान र टिम व्यवस्थापन एलिशा लामिछाने हुनुहुन्थ्यो । यसअघि सरकारले विजेता खेलाडीलाई भोलिपल्ट अर्थ मन्त्रालयमा सम्मान गर्दै नगद पुरस्कारको घोषणा गरेको थियो तर खेलाडीले घोषित पुरस्कार लामो समयसम्म प्राप्त गर्न सकेका थिएनन् । गण्डकी प्रदेश क्रिकेट सङ्घ, कास्की जिल्ला क्रिकेट सङ्घ तथा खेलाडीले घोषित पुरस्कारका लागि निरन्तर सरकारसँग माग गर्दै आएका थिए । तत्कालीन युवा तथा खेलकुद मन्त्रालयबाट पुरस्कार रकमका लागि फाइल अघि बढ्न नसकेको भन्दै खेलाडी नगद पुरस्कार पाउन वञ्चित भएका थिए । नयाँ सरकार गठनसँगै पुरस्कारबापतको रकम निकासाका लागि प्रक्रिया अघि बढाइएको थियो ।

पुरस्कारबापतको रकम खेलाडीको व्यक्तिगत बैंक खातामार्फत पठाइएको मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले पहिले नै खेलाडीलाई नगदसहित सम्मान गर्ने भनेका थियौँ तर सरकार परिवर्तनलगायतका कारण ढिलो हुन पुग्यो । हामी खेलाडीको मनोबल उच्च होस् भन्नका लागि कामना गर्दछौँ । यो सम्मानले खेलाडीलाई पक्कै हौसला प्राप्त हुनेमा विश्वस्त छु ।" खेलाडीलाई सम्मान गर्दै मन्त्री सिंखडाले क्रिकेट खेलाडीलाई सम्मान गर्ने विषयमा आफूले संसद्मा समेत प्रतिबद्धता जनाएको बताउनुभयो । खेलकुद विकासका लागि गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै पोखरा रङ्गशालामा योगका कार्यक्रमसमेत सञ्चालन गर्ने जानकारी दिनुभयो ।

गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्माले आगामी दिनमा परिषद्ले विभिन्न जिल्लामा प्रतियोगिता सञ्चालन गरिने बताउनुभयो । खेलकुदका विभिन्न कार्यक्रमलाई जोड्दै दशौँ राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशलाई उत्कृष्ट बनाउने गरी योजना रहेको उहाँले उल्लेख गर्नुभयो ।

# स्वास्थ्य र शिक्षाबाट कोही नागरिक बञ्चित हुनु हुँदैन : स्वास्थ्यमन्त्री बस्नेत

**रासस**
गण्डकी, २३ असार

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले आफ्नो पदीय मर्यादा राखेर दायित्व निर्वाह गर्न सके सम्बन्धित क्षेत्रसँगै देश विकास हुने बताउनुभएको छ ।

यहाँ आज बेलुकी आयोजित स्त्री तथा प्रसूति रोग विशेषज्ञ एवं गीतकार डा भोला रिजालद्वारा लिखित पुस्तक 'सेतो कोट' लोकार्पण कार्यक्रममा उहाँले आफूले लगाउने कोटको मर्यादा ठीकसँग पालन गर्न आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "कोट सेतो होस् वा कालो, हामी जिम्मेवार नभएसम्म विकास हुँदैन । त्यसैले म २२ वर्षपछि मन्त्रालयमा राज्यमन्त्रीबाट मन्त्री बनेर आउँदा सङ्कलित सुझावअनुसार कार्य गरिरहेको छु ।" उहाँले चिकित्सकसँग छलफल गरेर पेसाप्रतिको सम्मान गर्दै 'सेतो कोट' दिवस घोषणा गर्ने जानकारी दिनुभयो । साथै उहाँले मुलुकको सबैभन्दा ठूलो सरकारी वीर अस्पतालमा आगामी साउन १ गतेदेखि ओपिडी सेवा बिहान ८ बजेदेखि उपलब्ध हुने बताउनुभयो । "अस्पताल समयमा पनि चिकित्सक नभेटिने समस्यालाई यसले केही हदसम्म निरुत्साहन गर्नेछ, चिकित्सक र स्वास्थ्यकर्मीलाई काम गर्ने वातावरण बनाउन पनि मन्त्रालय दृढ छ", मन्त्री बस्नेतले भन्नुभयो, "बिहानको समय अगाडि ल्याउँदा बेलुकी समय छोट्याएका छौं । हाम्रो देशमा शिक्षा र स्वास्थ्यमा नागरिकको निःशुल्क पहुँच आवश्यक छ ।"

संविधानमा सुनिश्चित गरिएको स्वास्थ्य र शिक्षाबाट कोही नागरिक बञ्चित हुन नहुने विचार राख्नुहुँदै मन्त्री बस्नेतले उपचार सेवालाई सहज, सरल र सुलभ तुल्याउन अनलाइनका माध्यमबाट टिकट लिने व्यवस्था गर्न लागिएको समेत जानकारी दिनुभयो । लेखक रिजालले 'सेतो कोट'लाई चिकित्सकको कर्म, धर्म र मर्म बुझाउने एउटा सरल तर गहन पुस्तकका रूपमा प्रस्तुत गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो पुस्तक सम्पूर्णका लागि हो, हामीलाई बुझ्नेका लागि हो । यसमा चिकित्सा पेसा, शिक्षा र आचारसंहिताको विवेचना गरिएको छ । यसले हामीलाई धेरै तथ्यसँग जानकार गराउँछ ।"


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति भाद्र २ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१५४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

\- जर्ज बार्वर

## सम्पादकीय

# पुरानै नेताको क्लब समाजवादी मोर्चा

समाजवादी मोर्चा घोषणा भएको २३ दिनपछि बसेको समाजवादी मोर्चाले आफ्नो उपस्थिति देखाउन गरि कार्यक्रम गर्ने भएको छापहिलो चरणमा नेपालका सबै प्रदेशको राजधानीमा कार्यक्रम गर्ने भएको छ । शनिबार नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालयमा बसेको मोर्चाको पहिलो बैठकले आफ्नो सन्देश दिने गरी सबै प्रदेशको राजधानी सहरमा केही दिनभित्रै औपचारिक कार्यक्रम गर्ने निर्णय गरेको छाकेन्द्रमा घोषणा भएका कार्यक्रम अभियान केन्द्रमा मात्रसिमित हुने गरेका छन । तीन तिर फर्केका चार पार्टीको समाजवादी मोर्चा काङ्ग्रेसलाई घुर्की देखाउने र एमालेको विकल्प बन्ने उद्देश्य हो।सत्तामा रहेका तीन दल र संसदीय प्रणाली अस्वीकार गर्दै आएको नेत्र विक्रम नेतृत्वको नेकपा पुष्प कमल दाहाल प्रचण्डको सरकारका कामलाई कसरी वोकेर लान्छ त्यसैमा मोर्चाकोभबिष्य निर्धारण हुन्छ ।

मोर्चाको सन्देश देशभर पुरयाउने गरी सबै प्रदेशको राजधानी सहरहरुमा केही दिनभित्र औपचारिक कार्यक्रम गर्ने निर्णय गरिएको नेकपा (एकीकृत समाजवादी)का उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले जानकारी दिए । कार्यदलले तयार गरेको प्रतिवेदन आगामी असार २७ गते बस्ने मोर्चाको बैठकमा पेश हुने र पारित हुने समेत उनले बताए । यो मोर्चाको उद्देश्य, यसको गठनबाट देशले पाउने कुरा र अहिलेको लोकतान्त्रिक समाजवादी आन्दोलनलाई अगाडि बढाउने बारेमा मनग्गे छलफल हुन नसकेकोले अहिले छलफल पश्चात र, यसका सन्देशहरु दिनका लागि केही दिनभित्र सातवटै प्रदेशका राजधानीहरुमा कार्यक्रम दिन र लिनको लागि भन्दा त्यो कार्यक्रम कुन-कुन मितिमा हन्छ भन्ने आउँदो २७ गते घोषणा हुनेछ ।

बैठकले मोर्चाको आचारसंहिता, नीति, कार्यक्रम निर्माणका लागि ४ सदस्यीय कार्यदल पनि गठन गरेको छ । माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठ र नेकपाका प्रवक्ता खडगबहादुर विश्वकर्मा रहेका छन । मोर्चाको बैठकको अध्यक्षता ६/६ महिनामा परिवर्तन गर्ने सहमति पनि गरिएको छ । बैठकले ४ जनाको कार्यदल बनाएको छ । त्यसको नीति, आचारसंहितालगायतका कार्यक्रमहरु तय गर्ने काम कार्यदलले तयार पारेर ल्याउने छ । सामान्यतयाः यो मोर्चाकोअध्यक्षता एक जनाले ६ महिना गर्ने, त्यसपछि अर्को ६ महिना अर्को नेताले गर्ने सरसल्लाह भएको छ । त्यो सबै टुंगो पनि आउँदो बैठकले गर्नेछ । त्यो समझदारी टुंगो नहुन्जेल माधवकुमार नेपालले नै बैठकको अध्यक्षता गर्ने भएका छन ।'

हरेक पार्टीमा लामो समय देखि नेतृत्व गरेका नेताले मुलुक चलाउन सक्दैनन् भन्ने मत छामोर्चा बनाएर फेरि तीनै पटक पटक असफल भएका नेताले पालैपालो नेतृत्व गर्नु देश बर्वाद पार्नु हो । बैठकमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव, नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवसहित शिर्ष नेताहरु सहभागी थिए । पार्टीमा नयाँलाई ठाउँ नदिने र घुमाई घुमाई नेतृत्व लिन मोर्चाले जनताले खोजेको परिवर्तनको आकाँक्षालाई सम्बोधन गर्न नसक्ने स्पष्ट छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जन्म, मृत्यु, श्रद्धाञ्जली र समवेदना सबैमा कर

**शिव प्रसाद गौतम**



यो संसारमा प्राणीहरुको जन्म र मृत्यु निरन्तर चलिरहन्छ । संसारका प्राणीहरुमा स्वतन्त्रता छ भने जन्मने र मर्ने विषयमा प्राणी स्वतन्त्र छ। अरू विषयमा प्राणी बन्धनमा छ । मानिसलाई पनि संसारमा जति विषय छन् सबैमा स्वतन्त्रता छैन बन्धन छ। एउटा विषयमा यो बुद्धिजीवी प्राणी स्वतन्त्र छ। त्यो हो सन्तान जन्माउने विषय । जन्म भनेको प्राणीका स्वभाव र आवश्यकता अनुसार न्यूनतम गर्भभास पूरा भएपछि आमाका गर्भबाट भ्रुण बाहिर निस्कने कार्य जन्म हो । जीवन, चोला, जिन्दगी, कुनै संस्था वा निकायको आरम्भ जन्म हो । जन्मेपछि मर्नै पर्ने यो शाश्वत प्राकृतिक नियम हो । मृत्युका अर्थ धेरै छन्, जस्तै- देहावसान, निधन, मरण, ब्रह्मलीन, स्वर्गारोहण सबै शब्दहरु मृत्यु शब्दका पर्यायवाची शब्दहरु हुन् ।

मानिसको जन्म थाहा हुन्छ, मरण थाहा हुँदैन । जन्मदाको हर्ष र सोख, मर्दाको दुःख र शोक, सबैको टाउकामा पर्छ यही एउटा बोझ । जन्म दिएपछि कर्म पनि दिन्छ । जन्म दिनेलाई कर्म दिन करै लाग्छ । जन्माउन सजिलो छ, पाल्नलाई गाह्रो छ । जन्मेपछि धर्मकर्म र खानपान साथै रहन्छ यो पनि जानौं । जन्मेपछि मरिन्छ, मरेपछि जन्मिन्छ शास्त्रीय कथन छ । मानिसको जन्मको अभिलेख बनाउने चलन ज्योतिष शास्त्रमा व्यवस्था छ । ज्योतिष शास्त्र अनुसार बालकको जन्म समयका सबै ग्रहगतिको स्थिति देखाइएको चक्र, जन्मपत्रिका चिना टिपन न्यूनतम शुल्क लिएर ज्योतिषीहरुले बनाउने चलन थियो । अहिले पनि यो प्राय छ तर धेरै नै महंगो बनाइएको छ । यो साधनहरु लिएर आफ्ना ग्रह दशा कस्ता छन् भनेर हेराउने ज्योतिषीकहाँ गएर हेराउने चलन अहिले पनि व्यापक रूपमा फैलिएको छ। ज्योतिष शास्त्रको अध्ययन नगरी हेराउन बस्ने ज्योतिषीहरु प्रशस्त छन् । शुल्क पनि मनोमानी छ।

अहिले आएर सरकारी कार्यालयहरुमा जन्म मृत्युको दर्ता प्रमाणपत्र लिने चलन छ । अस्पतालमा सुत्केरी भएर जन्मेका बालबालिकाको शुल्क लिएर जन्मदर्ता प्रमाणपत्र दिने चलन छ । अङ्ग्रेजीमा यसलाई "वर्थ सर्टिफिकेट" भनिन्छ। यही प्रमाणपत्रको आधारमा र घरमै जन्मेको भए अभिभावकले सम्बन्धित स्थानीय निकाय गाउँपालिकाको वडाकार्यालयको पञ्जिकाधिकारीबाट रु. १०००।- अक्षेरेपी एक हजार तिरेर जन्मदर्ता प्रमाणपत्र लिनुपर्ने अनिवार्य गराइएको छ । यो प्रमाणपत्रको आधारमा नाता प्रमाणित गरिन्छ। नाता प्रमाणित गर्दा पनि शुल्क तिर्नुपर्छ । नेपाली र अङ्ग्रेजी भाषामा नाता प्रमाणित गरेको वडा कार्यालयले भिन्न भिन्न शुल्क लिन्छ । राज्यमा बस्ने व्यक्तिलाई वंशजका नाताले वा निश्चित अवधिदेखि बसोबास गरेको नाताले राष्ट्रको नागरिक हो भनी सरकारी कार्यालय सम्बन्धित जिल्ला प्रशासनले राष्ट्रको नागरिक हो भनी नागरिकता ऐन अनुसार प्रमाणित गरी नागरिकता प्रमाणित गरिदिने प्रमाणपत्र नागरिकता प्रमाणपत्र हो। यो प्रमाणपत्र लिनका लागि सम्बन्धित वडा कार्यालयले शुल्क लिएर मात्र सिफारिस गर्दछ। तर जिल्ला प्रशासनबाट रु १०।- को टिकट टाँस गराइ नागरिकता प्रमाणपत्र उपलब्ध गराइन्छ । यो प्रमाणपत्र भने राज्यले चुत्याई नगरी प्रमाण पुगेका र मिलेकालाई निःशुल्क उपलब्ध गराउँदै आएको छ । तर हालै राष्ट्रपतिले प्रमाणीकरण गरेका नागरिक विधेयकले मुलुकमा अस्वस्थ राजनीतिक वातावरण सृजना गरेको छ । यसले भोलि विदेशी नागरिक धेरै भएर नेपाली जनता अल्पमतमा परि राज्य नै गुम्ने होकी भन्ने डर छ । यसैलाई मध्यनजर राखेर यो विधेयक विरुद्ध सर्वोच्च अदालतमा बिद्वान् अधिवक्ताहरुले रिट निवेदन दिएकोमा अदालत प्रशासनले दरपिठ गरेकोमा सर्वोच्चका माननीय न्यायधीश डा. आनन्द मोहन भट्टराईको एकल इजलासले रिट निवेदन दर्ता गर्ने आदेश गरी दर्ता भएको छ। नागरिकता जस्तो संवेदनशील विषयमा शासकहरुले ध्यान नदिँदा मुलुक वर्वाद हुने स्थितिमा पुर्‍याइरहेको छ । थियो । यसमा अदालतबाट संरक्षण हुनेछ भन्नेमा सर्वसाधारण जनता आशावादी छन् । अहिले सरकारले नागरिकता भन्दा भिन्न विषयको राष्ट्रिय परिचयपत्र वितरण गरेको छ । यसको बारेमा देशको मूल कानुन संविधान ऐन नियममा कतै व्यवस्था भएको छैन । नागरिकता भएपछि पुग्नेमा यो अनावश्यक विषय थपेर सरकारले जनतालाई दुःख दिएको छ ।

जन्मेदेखि मृत्यु नभए सम्म राज्यको तर्फबाट जनताले सुविधा पाउनु भन्दा दुःख नै बढी पाएका छन् । मृत्यु भनेको देहावसान, निधन, मरण हो । परिवारको मूल मान्छे र अन्य सदस्यको मृत्यु भएमा मृत अभिभावकको नाममा रहेको चल अचल सम्पत्ति हकवाला परिवारका सदस्यहरुको नाममा नामसारी गर्न मृत्युदर्ता प्रमाणपत्र चाहिने प्रावधान छ । यो प्रमाण पत्र लिन हकवालाहरु सम्बन्धित वडा कार्यालयमा मृत्युमा पिडा भोगिरहेका उत्तराधिकारीले दुःखको बेलामा पनि शुल्क तिरेर मृत्यु दर्ता प्रमाणपत्र लिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ । जन्मने त जन्म्यो सुखद घडी भयो यसमा शुल्क लिन स्वभाविकै हो तर मृत्यु भएको पिडा भोगिरहेकासँग मृत्युदर्ता प्रमाण पत्र दिँदा दस्तुर लिनु त नाजायज नै हो । अब त सरकारले जनताबट आकाशमा फैलिएको हावाको सास फेरेको कर लिनमात्र बाकी छ । कुन दिन सास फेरेको कर लिनेछन्, नलेलान् भन्न सकिन्न । लाज शरम नभएपछि जे गर्दा पनि हुन्छ। राष्ट्र ऋण, भ्रष्टाचार, बेरुजू, महंगी र अभावले जनताको जीवन अत्यन्त कष्टकर भएको छ । रोजगारी नपाएर सक्षम जनशक्ति रोजगारीका लागि दोस्रो र तेस्रो मुलुकमा गएका छन् । उनीहरुले पठाएको रेमिटेन्सले देशको शासन प्रशासन नै चलेको छ ।यो अत्यन्त दुःखद अवस्था हो ।

कुनै दिवङ्गत पुज्य व्यक्तिमा श्रद्धा अभिव्यक्त गर्दा गरिने शुभचिन्तकहरुले गुणानुवाद श्रद्धाञ्जली र दुःखद परिवारलाई सहानुभूति प्रकट गर्न पत्रिका मार्फत श्रद्धाञ्जली र समवेदना व्यक्त गर्दा पनि महंगो शुल्क कर र भ्याट बुझाउनु पर्ने स्थानीय प्रदेश र संघीय सरकार कुनले ल्याएको नीति हो । यो अत्यन्तट निन्दनीय र भत्सर्ना गर्नुपर्ने कुकृत्य हो । कर लगाउन पाए भनेर जस्तासुकै दुःखद विषयमा कर लगाएर सर्वसाधारण जनतालाई आर्थिक भार पर्ने सबै खाले नकरात्मक कर र भ्याट असुली गर्ने प्रवृत्ति सरिकारले अन्त्य गर्नुपर्छ । चेतना भया ।

# बागलुङका ७७ मुहानको खानेपानीमा 'कोलीफर्म'

**रासस**
बागलुङ, २३ असार

बागलुङ जिल्लाका ७७ मुहानको खानेपानीमा दिसामा पाइने जीवाणु ' कोलीफर्म' रहेको पाइएको छ ।

जिल्लाका १० स्थानीय तहबाट दुई सय १३ खानेपानी मुहानको नमुना सङ्कलन गरी पानी परीक्षण गर्दा ७७ मुहानको पानीमा 'कोलीफर्म' रहेको पाइएको स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । हालैमात्र निसीखोला गाउँपालिका-६ भल्कोटमा झाडापाखला र टाइफाइड रोग फैलिएपछि खानेपानीको मुहान परीक्षण गर्दा कोलीफर्म भेट्टिएको कार्यालयले जनाएको हो ।

स्वास्थ्य कार्यालयले एक महिनाअघि नसीखोला गाउँपालिका-६ मा वितरण गरिएको तीन वटा खानेपानीको मुहानको पानी परीक्षण गर्दा तिम्रापानीमा रहेको मुहानमा कोलीफर्म भेट्टिएको स्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन डिल्ली आचार्यले बताउनुभयो । उहाँका अनुसार निसीखोलामा मात्रै सात स्थानका खानेपानी मुहानको नमुना परीक्षण गरिएको छ । चालु आर्थिक वर्षमा दुई सय १३ खानेपानी मुहानको नमुना सङ्कलन गरी परीक्षण गरिएकामध्ये ७७ खानेपानीको मुल तथा धारामा कोलीफर्मको मात्रा देखिएको आचार्यको भनाइ थियो । "निसीखोला-६ मा अधिकांश विद्यार्थीमा झाडापखला र टाइफाइड जस्ता सरुवा रोग देखिएको थियो, स्वास्थ्य चौकीबाट धेरै विद्यार्थी बिरामी भएको जानकारी आएपछि भलकोटका विद्यालयमा वितरण गरेको खानेपानी परीक्षण गर्दा कोलीफर्म भेटिएको थियो", उहाँले भन्नुभयो, "स्वास्थ्य कार्यालयले अहिले विद्यालयमा वितरण गरिरहेको खानेपानीको मुहान र धारामा परीक्षण गर्ने गरेको छ । जिल्लामा चालु आर्थिक वर्षमा ७७ खानेपानीका मुहान र धारोमा कोलीफर्मको मात्रा देखिएको छ ।" आचार्यका अनुसार बागलुङ बजारमा नगरखानेपानीले वितरण गर्दै आएको रेशखोला र भुदीखोलाको मुहान र धारो दुवैमा कोलीफर्म फेला परेको छ । यहाँका करिब ६० हजार नागरिकले उक्त पानी उपभोग गर्दै आएका छन् । जिल्लाका नागरिकले उपभोग गर्दै आएको खानेपानीको अवस्थाका विषयमा जिल्लास्थित स्वास्थ्य कार्यालयले बर्सेनि परीक्षण गर्दै आएको कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिनुभयो । परीक्षणका क्रममा पानी तथा मुहान दूषित देखिए उपभोक्तालाई सचेत गराउँदै आएको उहाँले बताउनुभयो । कोलीफर्म देखिएका खानेपानीको मुहानमा सरसफाइ गरी किटनाशक औषधि प्रयोग गरेर मात्रै वितरण गरिने प्रमुख शर्माले बताउनुभयो । एकपटक गरिएको परीक्षण र सरसफाइले मात्रै समस्या समाधान नहुने भन्दै उहाँले खानेपानी उपभोक्ता समिति बढी जिम्मेवार हुन आवश्यक रहेको जनाउनुभयो । "कोलीफर्मका कारण झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकीलगायत रोगको सङ्क्रमण हुने गर्दछ, जिल्लाको केही गाउँ र विद्यालयमा रोगको सङ्क्रमण चालु आर्थिक वर्षमा नै आइसक्यो", प्रमुख शर्माले भन्नुभयो, "कोलीफर्म भएको पानीले मानवीय स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ, हिउँदका समयमा भन्दा बर्खायाममा कोलीफर्म बढी भेटिन्छ ।" उहाँका अनुसार वर्षाका कारण बगेर आएको पानीले जमिन तथा पानीको स्रोतमा रहेको फोहरलाई मिसाउँछ र पानी दूषित हुन्छ । झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकीलगायत रोगको सङ्क्रमणबाट जोगिनका लागि पानीलाई शुद्धीकरण गर्नुपर्ने स्वास्थ्य कार्यालय प्रमुख शर्माको भनाइ छ । कोलीफर्मयुक्त पानी पिउँदा दिसाजन्य रोगले महामारीको रूप लिनसक्ने अवस्था आउनसक्ने भन्दै यसबाट जोगिनका लागि उपभोक्ता स्वयंले पानीको शुद्धीकरणमा ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीको भनाइ छ । पानी राम्रोसँग उमालेर, फिल्टर गरेर वा अन्य पद्दतिद्धारा शुद्ध बनाएर पिउनुपर्ने स्वास्थ्यकर्मी बताउँछन् ।

# अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा देखाइयो 'गुराँस'

**रासस**
काठमाडौं, २३ असार

नेपाली चलचित्र 'गुराँस' युरोपको प्रतिष्ठित महोत्सव 'दी कार्लोभी भारी अन्तरराष्ट्रिय चलचित्र महोत्सव' मा पहिलोपटक प्रदर्शन गरिएको छ ।

चेक रिपब्लिकमा जुलाई ५ मा गरिएको प्रदर्शनीमा चर्चा बटुलेको निर्देशक सौरभ राईले जानकारी दिनभयो । "यो हाम्रा लागि पहिलो दर्शक प्रतिक्रिया थियो, यसले हामीलाई सन्तुष्ट बनाएको छ", उहाँले भन्नुभयो ।

सो प्रदर्शनीमा चलचित्रकी अभिनेत्री मेनुका प्रधान पनि सहभागी हुनुहुन्थ्यो ।

र ङ ् ग म ञ च म ा प र् ँ त कलाकारितामा उदाएर चलचित्रमा छुट्टै पहिचान स्थापित गर्नुभएकी अभिनेत्री प्रधानले महोत्सवमा सहभागिता जनाउनु आफ्ना लागि नयाँ अनुभव रहेको प्रतिक्रिया दिनुभयो । "यहाँ धेरैभन्दा धेरै चलचित्र हेर्ने मन छ", उहाँले भन्नुभयो, "गुराँस पनि यहीँ हेरेँ ।" चलचित्र गुराँसमा उहाँले आमाको भूमिका निर्वाह गर्नुभएको छ ।

नेपाल र भारतको संयुक्त प्रस्तुतिमा बनेको चलचित्रमा हराएको कुकुरको खोजीमा निस्किएकी १० वर्षीया बालिकाको आँखाबाट कथा प्रस्तुत गरिएको छ। दार्जिलिङको बदलिँदो आर्थिक र सामाजिक सम्बन्धलाई समेत प्रस्तुत गरिएको चलचित्रको लेखक निर्देशक राई नै गर्नुभएको छ । चलचित्रमा तुलसी खवासले 'गुराँस'को शीर्ष भूमिका निर्वाह गर्नुभएको छ भने खगेन्द्र लामिछाने पिताको भूमिकामा हुनुहुन्छ ।

# भारी वर्षाको सम्भावना

**रासस**
काठमाडौं, २३ असार

हाल देशमा मनसुनी वायुको प्रभाव रहेको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुन न्यूनचापीय रेखा सरदरभन्दा दक्षिण स्थानतर्फ अवस्थित रहेको छ ।

यसका कारण हाल देशभर आंशिकदेखि सामान्य बदली रहनुका साथै कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। रातिको समयमा सबै प्रदेशका केही स्थानमा वर्षाको सम्भावना छ भने कोशी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना छ । आइतबार पनि देशभर आंशिकदेखि सामान्य बदली रहने छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ ।

महाशाखाले आगामी २४ घन्टाका लागि चेतावनी जारी गर्दै देशका कतिपय स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा र हुरीको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

सडक तथा हवाई यातायात, स्वास्थ्य, कृषि, पर्यटनलगायतका क्षेत्र र दैनिक जनजीवनसमेत प्रभावित हुनसक्ने भएकाले सम्भावित जोखिमबाट बच्न सबैमा आग्रह गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ४ स्थित बुढानिलकण्ठ मन्दिर बहुउद्देश्यीय भवन मर्मत कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः बुढानिलकण्ठ मन्दिर बहुउद्देश्यीय भवन मर्मत

ठेगानाः पोखरा-४, कास्की

योजना सम्झौता मितिः २०८०/०२/२५ गते

योजना शुरु मितिः २०८०/०२/२६ गते

योजना सम्पन्न मितिः २०८०/०३/२३ गते

योजनाको कुल लागतः रु.७,००,२९९/०७

महानगरपालिकाबाटः रु. ७,००,०००/-

उपभोक्ता समिति ः

अध्यक्षः लोकनाथ भण्डारी (९८५६०३९१९३)

उपाध्यक्षः पुष्पेन्द्र बहादुर कोइराला, सचिवः कल्पना गौतम

**बुढानिलकण्ठ मन्दिर बहुउद्देश्यीय भवन निर्माण उपभोक्ता समिति पोखरा-४, कास्की**

# तीन सुरुङमार्गको पूर्वसम्भाव्यता अध्ययन गरिने

– रामबहादुर थापा
गण्डकी २३ असार (रासस)

गण्डकी प्रदेश सरकारले तीन सुरुङमार्गको पूर्वसम्भाव्यता अध्ययन गर्ने भएको छ । तनहुँको भिमादबाट नवलपुरको डेढगाउँ, डेढगाउँ–झ्यालबास र लमजुङको शीतलपाटी–नाल्फाफेदीसुरुङमार्गको पूर्वसम्भाव्यता अध्ययन आगामी आर्थिक वर्षमा सुरु गरिने भएको हो ।

नीति, कार्यक्रम र बजेटमा पाँच सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको प्रदेश सरकारले बागलुङको बिहुँ–नरेठाँटी र म्याग्दीको दानाबाट मुस्ताङको घाँसा जोड्ने सुरुङमार्गको सङ्घ सरकारले समेत अध्ययन गरिहेकाले तीन सुरुङमार्गको मात्र पूर्वसम्भाव्यता अध्ययन गर्न लागेको हो । सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था कार्यालयका प्रवक्ता टीकाराम पौडेलका अनुसार सुरुङमार्गको पूर्वसम्भाव्यता अध्ययनका लागि रु ६० लाख बजेट विनियोजन गरिएको छ । “नयाँ आर्थिक वर्ष लागेपछि आवश्यक प्रक्रिया पुर्‍याएर अध्ययनको काम अगाडि बढाउँछौँ”, उहाँले भन्नुभयो, “प्रदेश एक्लैले सुरुङमार्ग बनाउन सक्दैन, हामीले सुरुङमार्ग बन्न सक्छ या सक्दैन भनेर सम्भाव्यता अध्ययनमात्र गर्ने हो ।”

प्रदेश सरकारले विकासको दीर्घकालीन सोच राखेर सुरुङमार्ग अध्ययनलाई नीति, कार्यक्रम तथा बजेटमै समावेश गरेको प्रवक्ता पौडेलले बताउनुभयो । मन्त्रालयले विज्ञसँगको राय–परामर्शमा छिट्टै अध्ययनको काम थाल्ने उहाँको भनाइ थियो ।

प्रदेश सरकारले समेत सम्भाव्यता अध्ययनको घोषणा गरेको बागलुङ बिहुँ–नरेठाँटी जोड्ने सुरुङमार्ग सङ्घ सरकारको बजेटमा परेर पनि अहिलेसम्म अध्ययनको काम अगाडि बढ्न सकेको छैन । राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको दानाबाट मुस्ताङको घाँसा जोड्ने सुरुङमार्गको पनि करिडोर आयोजनाले नै सम्भाव्यता अध्ययन गर्ने जनाइएको छ । वर्षौंदेखि चर्चामा रहेका सुरुङमार्गको सम्भाव्यता अध्ययन हुन नसकिरहेका बेला प्रदेश सरकारले थप सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको हो । मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत पर्ने बिहुँ–नरेठाँटी सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चालु आवमा रु ५० लाख बजेट छुट्याएको थियो । आव सकिनै लाग्दा पनि उक्त सुरुङमार्ग आयोजनाको प्रारम्भिकअध्ययनसमेतहुनसकेको छैन । काठेखोला गाउँपालिका–५ बिहुँदेखि गलकोट नगरपालिका–२ नरेठाँटी जोड्ने उक्त सुरुङमार्ग बनेमा लोकमार्गमा घन्टौँ लाग्ने यात्रा केही मिनेटमा छोटिनेछ । पर्यटक तथा सर्वसाधारणको आउजाउदेखि त्यस क्षेत्रको आर्थिक, सामाजिक विकासमा उक्त सुरुङमार्गले महत् वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ ।

बागलुङ–२ का सांसद देवेन्द्र पौडेलले बजेट अभाव देखाएर मन्त्रालयले काम अगाडि नबढाएको बताउनुभयो । “रातो किताबमै परेको आयोजना हो, अहिलेसम्म अध्ययनको काम अगाडि बढ्नुपर्ने हो, तर मन्त्रालयले बजेटको समस्या देखाउने गरेको छ”, उहाँले भन्नुभयो, “यसमा हामीले पनि सुरुदेखि नै पहल गरिरहेका छौँ ।”

केही वर्षअघि परामर्शदाता कम्पनीका प्रतिनिधि आएर सुरुङमार्ग बन्ने ठाउँको स्थलगत अवलोकन गरे पनि सम्भाव्यता अध्ययनको काम अघि नबढेको स्थानीयवासीको गुनासो छ । सङ्घ सरकारको प्राथमिकतामा परेको कास्कीको हेम्जा–नयाँपुल सुरुङमार्गको पनि अझै विस्तृत सम्भाव्यता अध्ययन हुनसकेको छैन । पोखरा–बागलुङ राजमार्गमा पर्ने उक्त सुरुङमार्ग बनेमा डेढ घन्टाको सडकमार्ग १५ मिनेटमा समेटिनेछ । अहिले हेम्जा–नयाँपुलको दूरी ४० किमी छ । सुरुङमार्गले त्यसलाई सातदेखि आठ किमीमा घटाउने अनुमान गरिएको छ । यसले प्रदेश राजधानी पोखरालाई पर्वतसहित धवलागिरि क्षेत्रका चारै जिल्लालाई जोड्छ ।

सडक विभागले हेम्जा–नयाँपुल सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन छिट्टै सुरु हुने जनाएको छ । उक्त सुरुङमार्ग अध्ययनका लागि सङ्घ सरकारले चालु आवमा रु एक करोड ५० लाख बजेट छुट्याएको थियो । सुरुङमार्ग अध्ययनका लागि परामर्शदाता कम्पनीसमेत छनोट भइसकेको विभागले जनाएको छ । घुमाउरा सडक भएका पहाडी भूगोलमा सुरुङमार्ग निर्माण गर्ने सङ्घ सरकारको नीतिलाई प्रदेशले पनि पछ्याएको हो । सडक विभागले ‘सुरुङमार्ग विकास कार्यक्रम’मार्फत सुरुङमार्गको निर्माण र सम्भाव्यता अध्ययनको काम गर्दै आएको छ ।

# तथ्याङ्क नमिल्दा स्वास्थ्यका अभियानको प्रगति प्रभावित

पोखरापत्र संवाददाता
बागलुङ, २३ असार

उपयुक्त तथ्याङ्कको अभावमा स्वास्थ्य कार्यालय बागलुङले सञ्चालन गर्ने अभियान प्रभावित हुने गरेका छन् ।

स्वास्थ्यसम्बन्धी विभिन्न अभियान सञ्चालन गर्दा सङ्घ तथा प्रदेश सरकारले अनुमानको आधारमा तोकिदिएको लक्ष्य भेटाउन कार्यालयलाई कठिन हुने गरेको छ । चालु आर्थिक वर्षका क्रियाकलापको जानकारी तथा कार्यालयको प्रगतिबारे जानकारी गराउँदै कार्यलय प्रमुख प्रवीण शर्माले स्वास्थ्यका विभिन्न पाटोमा काम चाहिने तथ्याङ्क जिल्लामा नरहेको बताउनुभयो ।

“टाइफाइडको खोप दश हजार बालबालिकालाई लगाउनु भनेर निर्देशन आउँछ, तर यहाँ उनीहरूको सङ्ख्या दश हजार नै हुँदैन, शतप्रतिशत बालबालिकाको खोप पाउँदासमेत लक्ष्य अनुसारको प्रगति देखिँदैन, सोहीअनुसार कार्यालयको कार्यसम्पादन मूल्याङ्कन हुन्छ”, शर्माले भन्नुभयो “यो समस्या तथ्याङ्क नभएका कारण आएको हो ।”

अभियानको लक्षित वर्गको विषयमा जानकारी, सम्बन्धित क्षेत्रको तथ्याङ्क हुने हो भने मात्रै कार्यक्रम कार्यान्वयनमा सहज हुने उहाँको धारणा थियो । कार्यालयले चालु आर्थिक वर्षमा जिल्लाको बरेङ र तमानखोला गाउँपालिकाको तथ्याङ्क तयार गरेको छ । जिल्लाका बाँकी स्थानीय तहको पनि स्वास्थ्य तथ्याङ्क तयारी गर्नुपर्ने उहाँले बताउनुभयो ।

शुक्रबार कार्यालयले आयोजना गरेको जोखिम सञ्चार अभिमुखीकरण तथा चालु आर्थिक वर्षका कार्यक्रमबारे जानकारी दिन आयोजित अन्तर्क्रियामा जिल्ला समन्वय प्रमुख अमर थापाले स्वास्थ्य क्षेत्रमा काम गर्ने सबै जिम्मेवार भएर लाग्नुपर्ने बताउनुभयो । थापाले कार्यालयले गर्ने प्रगति सङ्ख्यात्मकभन्दा गुणात्मक हुनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले गलत सूचनाको जोखिम स्वास्थ्य क्षेत्रमा धेरै हुने बताउनुभयो । सानो सूचना मात्रै गलत हुँदा स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा ठूलो प्रभाव पर्ने उहाँको धारणा थियो । कार्यालयले चालु आवमा ९४ दशमलव १९ प्रतिशत भौतिक प्रगति गरेको छ । ८४ दशमलव ४४ प्रतिशत वित्तीय प्रगति भएको कार्यालय प्रमुख शर्माले बताउनुभयो ।

# ठेक्का लगाएको नौ वर्षसम्म पनि बनेन मोटरेवल पुल

पोखरापत्र संवाददाता
गोरखा, २३ असार

गोरखाको गण्डकी गाउँपालिका र चितवनको इच्छाकामना गाउँपालिकाको चुमखोला जोड्ने बुटार मोटरेवल पुल ठेक्का लगाएको नौ वर्षसम्म पनि निर्माण हुन सकेको छैन ।

कूल रु १७ करोड ४६ लाखमा पुल निर्माणको ठेक्का लिएको पप्पु कन्स्ट्रकसनले पुल निर्माणको काम अलपत्र पारेर छोडेको हो । अहिलेसम्म पुल निर्माणको करिब ११ प्रतिशत मात्र भौतिक प्रगतिको काम भएको ११ किलो छेपेटार भालुस्वाँरा बारपाक सडक योजना कार्यालयका सूचना अधिकारी आस्था देवकोटाले जानकारी दिनुभयो । ठेकेदार कम्पनीले पुलको दुवैतर्फ पिल्लर मात्रै उठाएर मात्र लामो समयदेखि छाडेको छ । आयोजना कार्यालयले काम छिटो गर्न पटक–पटक भनेपनि ठेकेदार कम्पनीले अटेरी गरेपछि पुल निर्माणको रोकिएको हो । निर्माण सुरु भएको लामो समयसम्म पनि काम अघि नबढेपछि आयोजना कार्यालयले कम्पनीसँग ठेक्का सम्झौता रद्द गरी नयाँ ठेक्का सम्झौताका लागि प्रक्रिया अघि बढाएको देवकोटाले बताउनुभयो ।

“कम्पनीले काम नगरेपछि ठेक्का तोडेर नयाँ ठेक्का लगाउन बोलपत्र निकालिएको हो”, देवकोटाले भन्नुभयो, “अब नयाँ ठेक्का सम्झौता गरेर रोकिएको पुल निर्माणको काम अघि बढाउने तयारी भइरहेको छ ।” पप्पु कन्स्ट्रक्सन आयोजना कम्पनीसँग २०७४ पुस २९ गतेसम्ममा पुल निर्माणको काम सम्पन्न गर्ने सम्झौता गरेको थियो ।

पुरानो ठेक्का रद्द गरेपछि आयोजना कार्यालयले रु ३१ करोड ६३ लाख ९७ हजार ७ सय अनुमानित लागतमा पुल निर्माणको नयाँ ठेक्का सम्झौता गर्नका लागि बोलपत्र आह्वान गरेको उहाँले बताउनुभयो । उक्त पुल एकसय ५१ मिटर लम्बाइको हुने उहाँले बताउनुभयो ।

पहिलो पटकको ठेक्का सम्झौतापछि विसं २०७१ असार २९ गते तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराईले उक्त पुलको शिलान्यास गर्नुभएको थियो । पुल निर्माण नहुँदा गोरखाको गण्डकी गाउँपालिका र सहिद लखन गाउँपालिका, चितवनको इच्छाकामना गाउँपालिकाका नागरिकले वर्षौंदेखि सास्ती खेप्दै आउनुपरेको छ ।

# मङ्गलाका किसान व्यावसायिक खेतीतर्फ

–कमल खत्री
बेनी २३ असार (रासस)

म्याग्दीको मङ्गला गाउँपालिका–१ कुहुँका रनबहादुर खत्रीले चार सय बोट सुन्तला रोप्नुभएको छ । परम्परागत रूपमा धान खेती गर्दै आउनुभएका उहाँले करिब पाँच रोपनी खेतमा व्यावसायिकरूपमा सुन्तला खेती र तीन रोपनीमा केरा खेती गर्दैआएनुभएको छ ।

वैदेशिक रोजगारीको सिलसिलामा बहराइनमा करिब दुई दशक बसेर घर फर्किनुभएका खत्रीले घर फर्किएपछि २०७३ सालदेखि परम्परागत खेती छाडेर व्यावसायिकरूपमा नगदे बालीमा समर्पित हुनुभएको छ । गोपाल कृषि तथा पशुपक्षी फार्म सञ्चालन गर्नुभएका उहाँले सुन्तला र केर सँगै तरकारी, किवी र ड्रागनको समेत खेती गर्नुभएको छ । खत्रीले करिब १६ रोपनी जग्गामा व्यावसायिक खेती र बाख्रापालन गर्दैआउनुभएको छ । “बाह्र मुरी धान फल्ने खेत सबैमा सुन्तला रोपेको छु, यो वर्षदेखि सुन्तला फल्न थालेको छ, खेती गर्न पनि सजिलो तथा नगद आम्दानी पनि हुने भएकाले परम्परागत खेती छाडेर फलफूलतर्फ लागेको हुँ”, उहाँले भन्नुभयो । खत्रीले मौरीपालनसमेत गर्न थाल्नुभएको छ । व्यावसायिक बाख्रापालन पनि गर्दै आउनुएका उहाँको फार्ममा करिब ३० बाख्रा छन् । वैदेशिक रोजगार त्यागेर कृषि उद्यम गरेपछि आफ्नो परिवारका तीन सदीस्य स्वरोजगार बनेको खत्रीको भनाइ छ । “फलफूलसँगै तरकारी खेती पनि गर्दै आएको छु, कृषि र पशुपालनबाट घरखर्च चलाउन सहज भएको छ, केरा र सुन्तलाबाट आम्दानी गर्ने बेला भएको छ, यसबाट वार्षिक रु १० लाखसम्म आम्दानी हुने अनुमान छ”, खत्रीले भन्नुभयो । कुहुँमा खत्रीले मात्रै होइन यहाँका अन्य किसानले पनि परम्परागत खेतीबाली छाडेर व्यावसायिक नगदेबाली लगाउन थालेका छन् । खाद्यबालीभन्दा फलफूल खेती सजिलो, रोगकीरा लागेमा प्राविधिक सहयोग लिन सहज भएको र आम्दानीका हिसाबले पनि लाभदायी भएकाले परम्परागत कृषिलाई रुपान्तरण गरेर फलफूल खेतीमा लागेको स्थानीय भद्रबहादुर जिसीले बताउनुभयो । उहाँले धान रोप्ने खेतमा एक सय ७० सुन्तलाका बोट लगाउनुभएको छ । सुन्तला खेती गरेको जमिनमा सिमी, भट्टलगायत खेतीसमेत हुने भएकाले फलफूल खेती लाभदायी बनेको जिसीको भनाइ छ ।

कुहुँको मजुवा, अनबाङ, रातमाटा, खानीगाउँलगायत क्षेत्रमा धान र कोदो रोप्ने खेतबारीमा सुन्तला रोप्ने लहर नै चलेको छ । यहाँ सबैभन्दा धेरै सुन्तला नगेन्द्रबहादुर जिसीले एक हजारभन्दा बढी बोट रोपण गर्नुभएको छ । धान र कोदो खेती गर्न लागत बढी लाग्ने र आम्दानी नहुने भएकाले व्यावसायिक रूपमा सुन्तला खेती थालेको उहाँले जानकारी दिनुभयो । यस क्षेत्रमा लालबहादुर केसी, वीरबहादुर खत्री, देवेन्द्र केसी, विष्णु जिसी, मोहन हमाल, यामबहादुर पुन, गङ्गाबहादुर खत्री, धर्मदत्त रेग्मी, रेशम शर्मा, दीर्घबहादुर खत्री, उदबहादुर खत्री लगायतले खेतसँगै पाखोबारीमा व्यावसायिक सुन्तला खेती गर्नुभएको छ ।

सात वर्षदेखि कुहुँमा व्यावसायिक सुन्तला खेतीको लहर चलेको छ । सुरुआतमा सुन्तला लगाएका कृषकको बगैँचाबाट धमाधम बिक्री हुन थालेपछि अन्य कृषक पनि यसतर्फ आकर्षित भएका छन् । परम्परागत खेती छाडेर व्यावसायिक फलफूल खेतीमा लागेका कृषकलाई अनुदानमा बोटबिरुवा र उपकरणमा सहयोग गरिएको वडाअध्यक्ष एकजित रोकाले बताउनुभयो । सिँचाइ सुविधाले खेती गर्न कृषकलाई सहज भएको छ । नगदे बालीबाट कृषकको जीवनस्तरमा सुधार आउन थालेको छ । मङ्गला गाउँपालिका–१ कुहुँको घट्टेखोला सिँचाइ योजना निर्माण भएपछि यहाँका कृषकलाई खेती गर्न सहज भएको छ । परम्परागत कुलोबाट खेतबारीमा सिँचाइ गर्दै आएका स्थानीयवासीलाई सिँचाइ आयोजना निर्माण भएपछि हरेकको खेतबारीमै पानीको सुविधा पुगेको उपभोक्ता समितिका अध्यक्ष गोविन्द खत्रीले बताउनुभयो । खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले पाँच वर्षको अवधिमा पूर्वाधार निर्माण गरेको हो । चालु आर्थिक वर्षमा कार्यालयबाट विनियोजन भएको रु २५ लाख अपुग भएको ठाउँमा सिँचाइ सुविधा विस्तार गरिएको खत्रीले बताउनुभयो । यस वर्ष २५ ठाउँमा चेम्बर निर्माण गरी तीन हजार तीन सय मिटर पाइपलाइन विस्तार गरिएको छ । घट्टेखोला सिँचाइ आयोजनाबाट कुहुँको भलाबोट, अनबाङ, रातमाटा, सिरानचौर, मजुवा, खोर, ओढार मुनि, बाटुले, काप्रा, हिलेटाउका, पातलेगरा, धाप, बाइसआना लगायतको फाँटमा सिँचाइको सुविधा पुगेको छ । आयोजना निर्माण भएपछि बर्खायाममा धान रोपाइँ र हिउँदयाममा फलफूल र हिउँदे खेतीमा सिँचाइ गर्न सुविधा पुगेको स्थानीय भद्रबहादुर जिसीले बताउनुभयो । “सिँचाइ नहुँदा व्यावसायिक कृषि खेती गर्न सम्भव थिएन, अहिले परम्परागत खेतीबाट व्यावसायिक उन्मुख बन्न सिँचाइ सुविधाले ठूलो राहत दिएको छ, कृषकका खेतबारीमै पानी आउने भएकाले बर्खा र हिउँदमा बोटबिरुवा र खेतीमा सिँचाइ गर्न सजिलो भएको छ”, उहाँले भन्नुभयो । घट्टेखोला सिँचाइ आयोजनाबाट २५ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले जानकारी दिनुभयो ।

# ‘लम्पी स्किन’ले गोरु मर्न थालेपछि रोपाइँमा बाधा

पोखरापत्र संवाददाता
गोरखा, २३ असार

गोरखामा ‘लम्पी स्किन’ रोगका कारण गोरु मर्न थालेपछि रोपाइँमा बाधा पुगेको छ । असार अन्तिम साता सुरु भइसक्दा पनि यहाँका किसानले अझैसम्म धान रोपाइँ गर्न पाएका छैनन् ।

मानो खाएर मुरी उब्जाउने बेलामा वर्षभरि खेतीपाती गर्नका लागि गोठमा पालेका गोरु मर्न थालेपछि किसान मारमा परेका छन् । लम्पी स्किनले गोरु मरेपछि रोपाइँ गर्न नपाएको गण्डकी गाउँपालिका–३ फुजेलका विष्णुप्रसाद पन्तले बताउनुभयो ।

“रोपाइँ गर्ने बेलामा गोरु मर्‍यो”, उहाँले भन्नुभयो, “धेरै किसानको गोठमा गोरु बिरामी छन्, रोपाइँ गर्न मुश्किल भएको छ ।” लम्पी स्किन रोगका कारण हल गोरु नै मरेपछि निरास बन्नुभएका पन्तले अब रोपाइँ गर्नका लागि ट्याक्टर खोज्न थालेको बताउनुभयो । रोपाइँ गर्ने बेलामा गाउँमा लम्पी स्किनले गोरु मर्न थालेपछि किसानलाई रोपाइँको चिन्ता परेको छ । “खेताला पनि पाउन गाह्रो छ”, पन्तले भन्नुभयो । लम्पी स्किनले गोरु मरेपछि सहिद लखन गाउँपालिका–६ घैरुङका किसानलाई पनि रोपाइँ गर्न समस्या भएको स्थानीय चेतबहादुर गुरुङले बताउनुभयो । “कसैको हल गोरु नै मरेको छ, कसैको एउटा मरेर हलपाटे बनेको छ”, उहाँले भन्नुभयो, “जसको गोठमा गए पनि गोरु बिरामी छ भन्ने मात्र जवाफ आउँछ । गोरु नपाएर अहिलेसम्म खेत रोप्न पाएको छैन ।” गोरखामा लम्पी स्किन फैलँदै गएको भेटेरेनरी अस्पताल तथा पशुसेवा केन्द्रका प्रमुख डा शर्मिला कुमालले बताउनुभयो । जिल्लामा हालसम्म आठ हजार तीन सय ३९ पशु लम्पी स्किनबाट सङ्क्रमित भएका छन् । यस रोगबाट एक सय चार गोरु मरिसकेका छन् । जिल्लाका ११ वटै स्थानीय तहमा लम्पी स्किनको सङ्क्रमण फैलिएको उहाँको भनाइ छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ माटेपानी स्थित वडा कार्यालय अगाडि बाटोमा नाला तथा फुटपाथ निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वडा कार्यालय अगाडि बाटोमा नाला तथा फुटपाथ निर्माण
ठेगानाः पोखरा–१२, माटेपानी
योजना सम्झौता मितिः २०८०/०१/१७ गते
योजना शुरु मितिः २०८०/०१/२४ गते
योजना सम्पन्न मितिः २०८०/०३/२३ गते
योजनाको कुल लागतः रु. २७,७७,७७७/-
महानगरपालिकाबाटः रु. २५,००,०००/-
जनसहभागिताबाटः रु. २,७७,७७७/-
उपभोक्ता समिति अध्यक्षः सुशिल के.सी.
जम्मा सदस्य संख्याः ८ जना, महिलाः ३ जना, पुरुषः ५ जना

**वडा कार्यालय अगाडि बाटोमा नाला तथा फुटपाथ निर्माण उपभोक्ता समिति पोखरा-१२, माटेपानी**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ खहरे कसेरी अमलाचौर काल्चेस्वाँरा सडक स्तरोन्नति र कल्भर्ट निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः खहरे कसेरी अमलाचौर काल्चेस्वाँरा सडक स्तरोन्नति र कल्भर्ट निर्माण
ठेगानाः पोखरा–१३, कास्की
योजना सम्झौता मितिः २०८०/०२/२५ गते
योजना शुरु हुने मितिः २०८०/०२/२६ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१० गते
योजनाको कुल लागतः रु. १६,८२,७४४/२२
महानगरपालिकाबाटः रु. २५,१४,४६९/२२
जन श्रमदानबाटः रु. १,६८,२७५/-
उपभोक्ता समिति अध्यक्षः हरी प्रसाद बराल (९८४६३३२५४३)
जम्मा सदस्य संख्याः ७ जना, महिलाः ३ जना, पुरुषः ४ जना

**खहरे कसेरी अमलाचौर काल्चेस्वाँरा सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१३, कास्की**